SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM
Sancharika Samuha
FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS
Promoting Communication for Equality

८ असोज २०७१

## प्रेस विज्ञप्तिः सञ्चार अनुगमन

सञ्चारिका समूह नेपालले १६ साउनदेखि ३१ भदौ २०७१ सम्म गरेको १४ वटा राष्ट्रिय दैनिकको सञ्चार अनुगमनले सो डेढ महिनामा २७ जना किशोरी तथा महिलाको हत्या भएको देखाएको छ ।

उक्त अनुगमनमा दैनिक पत्रिकाका समाचार, विचार तथा सम्पादकीयलाई समेटिएको थियो । महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई १३ वटा शीर्षकमा अनुगमन गरिएको थियो । तीमध्ये बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य पर्दछन् ।

सम्प्रेषणका आधारमा ३५ वटा बलात्कारको घटनाका १५० वटा समाचार सामग्री प्रकाशनमा आएका छन् । यो डेढ महिनाका बिचमा १४ वटा दैनिकमा महिलाबेचविखनका ९ वटा घटनाका १०४ वटा सामग्री प्रकाशित थिए । महिलाको स्वास्थ्यअधिकारको हनन् भएका ६६ समाचार, विचार तथा सम्पादकीय प्रकाशित भए भने घटनाको संख्या १३ थियो ।

परम्परागत र धार्मिक हिंसाका ६६ समाचार, विचार तथा सम्पादकीय छापिएका थिए भने १७ वटा यौन दुर्व्यवहारका घटनाका ५५ वटा समाचार सामग्री प्रकाशित थिए । सोही अध्ययनले महिलामाथि हुने घरेलु हिंसासँग सम्बन्धित १२ वटा घटनाबारे २८ वटा समाचार, विचार तथा सम्पादकीय छापिए । त्यस्तै दाइजोसँग सम्बन्धित १९ वटा समाचार र बहुविवाहका ३ वटा घटनाका १० वटा समाचार प्रकाशित थिए ।

स्थानको हिसावले महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका थिए । पहिलो पृष्ठमा ४३ वटा समाचार छापिएका थिए । सबैभन्दा बढी समाचार पाँचौं पृष्ठमा छापिएको थियो । धेरै समाचारलाई सानो ठाउँ दिइएको थियो । समाचारका फलोअप (निरन्तरता) भने त्यति देखिएन ।

समाचारमा उल्लेख भएअनुसार महिलामाथि हिंसा गर्नेमा सबैभन्दा बढी परिवारका सदस्य भन्नेमा (९३), छिमेकी (३७), राज्य (२३), उल्लेख नभएका (६७) र अन्य भन्नेमा (८६) वटा समाचार भएको देखाएको छ ।

सो अवधिमा महिला हिंसासम्बन्धी सम्पादकीय ५, फोटो समाचार ८, लेख ७५, सफ्ट न्यूज ८९ तथा हार्ड न्यूज ६०६ वटा प्रकाशित थिए । प्रकाशित हार्ड न्यूजमध्ये ६८, सफ्ट न्यूज ३६ र लेख २७ वटामा मात्र फोटो/स्केच प्रयोग भएको थियो ।

समग्रमा ती सञ्चारमाध्यमले महिला हिंसासम्बन्धी समाचारलाई प्राथमिकतामा राखी प्रकाशित गरेको पाइएको छ । यद्यपि फलोअप, सफ्ट न्यूजमा फोटोको प्रयोग, हिंसा गर्ने व्यक्तिको भनाइ, विद्यमान कानुनी प्रावधानसम्बन्धी जानकारी भने अझै अपुग देखिन्छ ।

सो सञ्चार अनुगमनमा राजधानीबाट प्रकाशित कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स्, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, र नेपाली दैनिक तथा द काठमाण्डु पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स, र द राइजिङ नेपाल अंग्रेजी दैनिकहरु समेटिएका थिए ।

सञ्चारिका समूहले सञ्चारमाध्यममा महिला हिंसाका समाचार कति आएका छन् र ती समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् । हिंसाका समाचारमा फलोअप समाचार आएका छन् कि छैनन् । समाजमा लैंगिक हिंसा कस्ता छन् र कस्ता समाचार आइरहेका छन् भनेर समूहले सञ्चार अनुगमन गर्दैआएको छ ।

रामशरण सेढाई
संयोजक
सञ्चार अनुगमन

P.O. Box 13293, Kathmandu, Nepal Phone: 977-1-5530192, 5551182, Fax: 977-1-5551182 Email: sancharika@wlink.com.np
Website: www.sancharika.org